नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति २०७७/१०/२२

विषय :-

## प्रेस विज्ञप्ति

कोभिड-१९ खोप अभियान अन्तर्गत आज बेलुका ४ बजे सम्म प्राप्त सूचनाको आधारमा २०१ वटा खोप बुथहरूबाट ७७ जिल्लाहरूमा कुल जम्मा १,५८,४८७ व्यक्तिहरूलाई खोप लगाई सकिएको छ। जसमध्ये प्रदेश नं. १ मा २१,७५४ प्रदेश नं. २ मा २१,१८५ बागमतीमा ५५,५०४ गण्डकीमा १७,२६७ लुम्बिनीमा २३,७९८ कर्णालीमा ८,०७२ र सुदूरपश्चिममा १०,९०७ जनाले खोप प्राप्त गर्नु भएको छ।

यस पहिलो चरणको खोप अभियान मिति २०७७ माघ २४ गते शनिवार सम्म चल्ने भएकाले सूचना प्रणाली (IMU) मा दर्ता नभएका कारण खोप सेवा लिनबाट वञ्चित हुन नदिन नेपाल मेडिकल काउन्सील, नेपाल नर्सिङ काउन्सील, नेपाल स्वास्थ्य व्यवसायी परिषद, नेपाल आयुर्वेद मेडिकल काउन्सील र नेपाल फार्मेसी काउन्सीलको दर्ता प्रमाण-पत्र र फोटो सहितको परिचय-पत्र लिई आएमा सम्बन्धित खोप केन्द्रले खोप लगाउने व्यवस्था मिलाउन हुन सुचित गरिन्छ।

Gautam

(डा. जागेश्वर गौतम)
प्रवक्ता